# नेपाल बीमा प्राधिकरण
# NEPAL INSURANCE AUTHORITY

मिति: २०८१/०७/१३

परिपत्र नं. वि.वि.शा. १

ने.बी.प्रा. ९५ (२०८१/०८२) च.नं. २०४०

श्री इजाजतपत्र प्राप्त सम्पूर्ण बीमकहरू।

**विषय: बीमकको वार्षिक प्रतिवेदनमा गर्नुपर्ने खुलासा बारे।**

उपरोक्त सम्बन्धमा बीमा ऐन, २०७९, बीमा नियमावली तथा प्राधिकरणबाट जारी भएका निर्देशन तथा परिपत्र लगायत अन्य प्रचलित कानुन बमोजिम वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्ने विवरणका अतिरिक्त देहाय बमोजिमका न्युनतम विषयहरू खुलाई वार्षिक प्रतिवेदन तयार गर्नुहुन निर्णयानुसार अनुरोध गरिन्छ।

१. बीमकको दुरदृष्टी, अभियान तथा उदेश्य (Vision, Mission and Objectives)
   - (क) दुरदृष्टी र अभियान (Vision and Mission)
   - (ख) बीमकको समग्र रणनीति तथा लक्ष्यहरू (Insurer's overall strategy and objectives)
   - (ग) मूल मान्यता, आचार संहिता र नैतिक सिद्धान्तहरू (Core values, code of conduct and ethical principles)

२. बीमकको संस्थागत संरचना लगायतको विवरण (Insurer's Organizational Structure)
   - (क) बीमकको संक्षिप्त विवरण (Insurer's profile)
   - (ख) संचालकको विस्तृत विवरण (Board of Director's Profile)
   - (ग) बीमकको संस्थागत तथा समूहगत संरचना (Insurer's organization structure and group structure)
   - (घ) संचालक समितिको संरचना, भूमिका, बैठक, उपस्थिति र कोरम सम्वन्धी विवरण (Information on Board of Director's composition, roles, meetings, attendance and quorum)
   - (ङ) उप समितिहरूको संरचना, भूमिका, बैठक, उपस्थिति र कोरम सम्वन्धी विवरण (Information on composition, role, meetings, attendance, etc. of other Board committees)

३. बीमकको बिजनेस मोडल ( Insurer's Business Model)
   - (क) बीमकको बिजनेस मोडल सम्वन्धमा रेखाचित्र सहितको संक्षिप्त विवरण (Description of insurer's business model along with diagram)

(ख) बीमकको स्रोत, उपयोग क्षमता, दिगो प्रतिस्पर्धात्मक सवलता, मूल्य निर्माण लगायतका विषयमा विस्तृत व्याख्या (Description of Insurer's resources, usage, sustainable competitive edge and value creation)

(ग) बीमकको पुँजीका मुख्य स्रोतहरू र तीनको आपसी अन्तरसम्वन्ध (Major source of capital and their interconnectedness)

(घ) बीमकको स्रोतको उपयोग तथा अन्य भावी कार्यक्रमसँग पुँजी योजनाको अन्तरसम्वन्ध (Insurer's plan for resource usage and major programs and their relation with the capital plan)

४. कार्यसम्पादनको समिक्षा तथा मुख्य सुचकाङ्क (Performance evaluation and key performance indicators)

(क) बीमकको यस आ.व. तथा गत आ.व. हरूको तुलनात्मक वित्तीय अवस्थाको झलक (Comparative disclosure of Insurer's financial condition and performance in comparison to previous financial years)

(ख) बीमकको विभिन्न पोर्टफोलियो, बीमालेखहरू तथा मुख्य संस्थागत कार्यहरूको जानकारी (Information about different products, insurance policies and enterprise wide functions of the insurer)

(ग) बीमकको मुख्य कार्यसम्पादन सूचकाङ्क (Insurer's key performance indicators)

५. रणनीतिक योजना र विकास (Strategic Plan and Development)

(क) बीमकको अल्पकालिन, मध्यकालिन तथा दिर्घकालिन रणनीतिहरू र ती रणनीतिहरू हासिल गर्नका लागि बीमकले सुनिश्चित गरिएको स्रोतको विवरण (Short, medium and long term strategies of the organization and resource allocation for achieving them)

(ख) बीमाको विकास, बीमालेख तथा सेवा प्रवाह सम्वन्धमा बीमकको रणनीति (Insurer's strategy for Insurance development, insurance products and Insurance services)

(ग) बीमकको दिगोपना सम्वन्धमा रणनीति तथा मापन गर्न सकिने लक्षहरू (Insurer's sustainability strategy with measurable objectives)

(घ) बीमकको व्यवसायिक परिदृष्य, दृष्टीकोण तथा सम्भावनाहरूको संश्लेषण (Insurer's review of the future business prospects)

(ङ) बाह्य वातवरणको बीमकको व्यवसायमा परेको असर (Effect of external environment on Insurer's business)

६. संस्थागत उत्तरदायित्व (Corporate Responsibility)

(क) बीमकले कर्मचारी कल्याण (स्वास्थ्य, सुरक्षा तथा कार्यवातवरण) सम्वन्धमा गरेका प्रयासहरू (Insurers initiatives for staff welfare)



CamScanner

(ख) राष्ट्रिय अर्थतन्त्रमा बीमकको योगदान (राजस्व भुक्तानी, कुल ग्राहस्थ उत्पादनमा योगदान, रोजगारी सृजना,सामाजिक विकासमा योगदान आदी) (Insurer's contribution in national economy)

(ग) बीमकले दिगो बन्न र दिगो विश्वव्यापी अर्थतन्त्रमा योगदान पुऱ्याउनका लागि गरेका कार्यहरू (Information on actions taken by the organization to become more sustainable & contribute to a sustainable global economy)

(घ) सामाजिक तथा वातावरणीय विकास तथा दिगोपनका लागि बीमकबाट भएका प्रत्यक्ष तथा अप्त्यक्ष प्रयासहरू (Insurer's direct and indirect initiatives towards environment conservation, social development and sustainability)

(ङ) बीमकले समाजिक उत्तरदायित्व सम्वन्धमा गर्नुपर्ने खुलासा (Disclosure in relation to corporate social responsibility)

७. सुशासन र परिपालना (Corporate Governance and Compliance)

(क) परिपालना सम्वन्धी संक्षिप्त विवरण (Compliance report)

(ख) परिपालना नभएका विषयहरू र परिपालना गर्न नसक्नुको कारण (Non-compliance issues and reasons for non-compliance)

(ग) बीमकको संचालक समितिको प्रभावकारीता लगायतका विषय समेटिएको अध्यक्षको प्रतिवेदन (Report of board chairman including effectiveness of board)

(घ) उप समितिहरूको मुख्य कार्यहरू तथा हासिल भएका उपलब्धी समेटिएको छुट्टा छुट्टै प्रतिवेदन (Separate report of each subcommittee highlighting the works performed and the major achievements)

(ङ) बीमकको संचालक समिति तथा उपसमितिको प्रभावकारीताको स्वमूल्याङ्कन तथा स्वमूल्याङ्कन गर्न अपनाएको विधि (Evaluation of Board's performance by itself and the manner and process of self-evaluation)

(च) व्यवस्थापनको प्रतिवेदन (Report of senior management signed by CEO)

(छ) बीमकका मुख्य नीति तथा अभ्यासहरू (Insurer's major policies and practices)

८. जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण (Risk Management and Internal Control)

(क) बीमकको जोखिम व्यवस्थापन सम्वन्धी नीति, जोखिम पहिचान तथा तिनको व्यवस्थापन गर्ने संयन्त्र (Insurer's risk management policy or framework and it's mechanism to identify and manage risks)

(ख) प्राधिकरणको निर्देशन बमोजिम जोखिम व्यवस्थापन सम्वन्धी अन्य खुलासा (Other disclosures in respect of risk management as per the direction on Nepal Insurance Authority)

(ग) प्राधिकरणको निर्देशन बमोजिम जलवायु परिवर्तन जोखिम सम्वन्धी खुलासा (Climate risk related disclosure)



CamScanner

(घ) बीमकको पुनर्बीमा नीति, महाविपत्ति पुनर्बीमाको पर्याप्तता लगायतका विषयमा गुणात्मक तथा मात्रात्मक विवरण (Insurer's reinsurance policy and qualitative and quantitative disclosure on adequacy of reinsurance coverage including catastrophic reinsurance)

(ङ) बीमकको आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धी फ्रेमवर्क (Internal Control system framework of insurer)

(च) बीमकको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्वन्धी विवरण (Brief information on effectiveness of insurer's internal control system)

(छ) सूचना प्रविधिको प्रयोग तथा सो बाट सृजित जोखिमको नियन्त्रण (IT system and control)

९. वित्तीय विवरण र सो सम्वन्धी अन्य खुलासाहरू (Financial Statements and Related Disclosures)

(क) बीमकको वित्तीय विवरण सम्वन्धमा बीमकको वित्त प्रमुख वा लेखा प्रमुखको जिम्मेवारी सम्वन्धी प्रतिवेदन (Statement of responsibility of the chief financial officer or head of accounts in respect of financial statements)

(ख) बीमकले लेखाङ्कन गरेको बीमा सम्वन्धी दायित्व पर्याप्त रहको सम्वन्धमा बीमाङ्कीको प्रतिवेदन (Insurer's appointed actuary's report on adequacy of the liability reported in financial statements)

(ग) बाह्य लेखापरीक्षकको प्रतिवेदन (Statutory auditor's report)

(घ) प्राधिकरणबाट स्वीकृत भएको वित्तीय विवरण (Financial statements approved by Nepal Insurance Authority)

(ङ) बीमकको संवद्ध व्यक्ति वा संस्थाको विवरण तथा संवद्ध व्यक्ति वा संस्थासँग भएका कारोवारहरूको विवरण (Details of related parties and transactions with the related parties)

(च) बीमकको वित्तीय विवरण सम्वन्धी निर्देशन बमोजिम खुलासा गर्नुपर्ने विवरणहरू (Other disclosures as required by financial Statements directive)

(छ) सम्पत्ति तथा पुँजीको स्रोतको गुणस्तरको समिक्षा (Disclosure on quality of assets and capital resources)

(ज) बीमकको प्राधिकरणबाट वित्तीय विवरण स्वीकृत हुँदा लगाएका शर्तहरू तथा सो सम्वन्धमा बीमकको संचालक समितिको जवाफ (Letter of Nepal insurance authority regarding conditional approval of financial statements and insurer's board of director's reply on the NIA's conditions)

(झ) बीमकको चौथो त्रैमासिक अवधिको वित्तीय विवरण (वासलात र नाफा नोक्सान हिसाब) र बीमकको लेखापरीक्षण भएको वित्तीय विवरणबीचको फरकको विवरण (Variance report between the fourth quarter financial statements and audited financial statements)



CamScanner

(ञ) बीमकको सोल्भेन्सी वित्तीय विवरण र एनएफआरस वित्तीय विवरणको तरलनात्मक विवरण, सोल्भेन्सी गणना तथा उपलब्ध पुंजी सम्वन्धी विवरण (A comparative statement of Solvency Balance sheet and NFRS based financial statement, solvency calculation sheet and statement of available capital)

१०. अन्य खुलासा (Other Disclosures)

(क) सरोकारवालासँग अन्तरक्रिया तथा सूचना प्रवाह गर्न स्थापना गरिएको संयन्त्र (Communication mechanism for interaction and information flow to stakeholders)

(ख) बीमित,लगानीकर्ता तथा अन्य सरोकारवालाहरूको गुनासो सम्वोधन गर्ने सम्वन्धी संयन्त्र (Grievance handling mechanism for insured, investors and other stakeholders)

(ग) बीमकको क्रेडिट रेटिङ सम्वन्धी जानकारी (Information about insurer's credit rating)

सुशील देव सुवेदी
निर्देशक

**बोधार्थ:**
श्रीमान अध्यक्षज्यूको सचिवालय, नेपाल बीमा प्राधिकरण।



CamScanner